फोन नं. ०८२-५६००१४

लुम्बनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (दाङ)

घोराही,दाङ

## रूखहरु कटान, मुछान तथा घाटगद्दी गर्न ठेक्का बन्दोबस्त / शिलबन्दी घटाघटको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८२/११/१८**

डिभिजन वन कार्यालय दाङ (दाङ) अन्तर्गत पुरन्धारा सव डिभिजन वन कार्यालयको कार्यक्षेत्रको बबई गाऊँपालिका वडा नं. ५ स्थित कालापानीखोला चक्ला (सरकारद्धारा व्यवस्थित वन) वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा गरिनु पर्ने वन व्यवस्थापन क्रियाकलाप अन्तर्गत C1S1 सब कम्पार्टमेन्टमा (Sub compartment) पुनरूत्पादन कटान (Regenaration felling) को लागि कटान गरिनु पर्ने / हटाउनु पर्ने तपसिल अनुसारका साल,असना, जामुन लगायत प्रजातीका जम्मा १९४ वटा रूखहरू घटाघट प्रक्रियाद्वारा कटान / मुछान, संकलन गरी उत्पादन हुने अनुमानित २७४१.५० क्यू.फी. गोलिया काठ र १०.०२ चट्टा दाउरा कटान वन क्षेत्र (Annual working area) बाट पुरन्धारा सव डिभिजन वन कार्यालय हापुरे दाङको परिसर सम्म ढुवानी तथा घाटगद्दी गर्नु पर्ने भएकोले तपसिल वमोजिमका शर्त राखी सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

तपशिल

विवरण तथा शर्तहरु

१. कटान गर्नु पर्ने रूखहरूको विवरण:

| क.सं. | ठेक्का नं. | कटान प्लट (Annual working area) / वन क्षेत्र | कटान/ संकलन गरिने रूखहरूको विवरण | | | उत्पादन हुने अनुमानित परिमाण | | कटान,मुछान, ढुवानी तथा घाटगद्दिको अधिकतम मुल्यांकन रकम (मु.अ.कर बाहेक) रू. | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | किसिम | प्रजाती | संख्या | काठ (घ.फी.) | दाउरा (चट्टा) | | |
| १ | १ | पुनरूत्पादन कटान (**Regeneration felling**) | | | | | | | |
| १.१ | | **C1S1** सब कम्पार्टमेन्ट | हरियो खडा | साल | १३८ | २२७३.६९ | १०.०२ | ६६३७७६.४५ | |
| १.२ | | | | असना | ३१ | ३८१.२९ | | | |
| १.३ | | | | जामुन | ५ | ०.० | | | |
| १.४ | | | | अन्य | २० | ८६.५८ | | | |
| | | जम्मा | | | १९४ | २७४१.५० | १०.०२ | | |

२. वोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति, समय र स्थानः

(क) अन्तिम मिति : २०८२/१२/०२ गते (ख) समय : कार्यालय समय भित्र

(ग) स्थानः डिभिजन वन कार्यालय, दाङ्ग (दाङ), घोराही वा वन निर्देशनालय, वुटवल , रुपन्देही ।

३. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थानः

(क) अन्तिम मिति: २०८२/१२/०३ गते ख) समय : दिनको १२:०० बजे सम्म ।

(ग) स्थानः डिभिजन वन कार्यालय, दाङ्ग (दाङ), घोराही दाङ्ग ।

(४) बोलपत्रसाथ कबोल गरेको रकमको २.५ प्रतिशतले हुन आउने रकम नेपाल वैंक लिमिटेड शाखा कार्यालय घोराही दाङको ०२७०२०००००२००३००००१ प्रदेश धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ। धरौटी वा अन्य कारण देखाई कुनै पनि नगद रकम बोलपत्र साथ पेश गर्न पाईने छैन । यसरी नगद रकमको धरौटी पेश भएमा बोलपत्र स्वतः अमान्य हुनेछ ।

फोन नं. ०८२-५६००१४

लुम्बनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय दाङ (दाङ)
घोराही,दाङ

(५) बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत बाणिज्य बैंकबाट जारी भएको कम्तिमा ७५ दिन सम्मको मान्य अवधि भएको हुनु पर्नेछ ।

(६) बोलपत्र फारम को लागि रु१०००।-(पछि फिर्ता नहुने गरी) डिभिजन वन कार्यालय दाङ्ग (दाङ), घोराहीको कार्यालय कोड नं. ३२९०१५६०१५, नेपाल बैंक लिमिटेड दाङको बैंक खाता नं.२७४०२००००१००१००००१, राजश्व शिर्षक नं.१४२२९ मा जम्मा गरी डिभिजन वन कार्यालय दाङ (दाङ) घोराही वा वन निर्देशनालय वुटवलबाट खरिद गर्न सकिनेछ

(७) कटान, मुछान, ढुवानी तथा घाटगद्दि गर्नु पर्ने रूखहरू कार्यालय खुलेको समय भित्र सम्बन्धीत वनक्षेत्रमा गई हेर्न सकिनेछ।

(८) रूख कटान, मुछान, काठ दाउरा ढुवानी तथा घाटगद्दी को बोलपत्रको प्रतिस्पर्धामा रीतपूर्वकको स्थायी लेखा नम्बर **(PAN)** र मूल्य अभिबृद्धि कर **(VAT)** दर्ताको प्रमाणपत्र, स्वचालित आरा प्रयोग गर्ने भएमा सो सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी र कर चुक्ताको प्रमाण भएको व्यक्ति, निकाय, संघ, संस्था वा फर्महरुले मात्र भाग लिन पाउने छन् ।

(९) लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर **(PAN)** दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

(१०) यसमा उल्लेखीत काठ दाउराको परिमाण अनुमानित परिमाण भएकोले रूख कटान/संकलन भई उत्पादन भएका काठ दाउराको वास्तविक परिमाण ढुवानी तथा घाटगद्दि गर्नु पर्ने र सोही आधारमा बोलपत्रदातालाई रकम उपलब्ध गराईने छ । यसरी कार्यालयले उपलब्ध गराउनु पर्ने रकम कार्यालयको खातामा तत्काल उपलब्ध भए सम्म तत्कालै र तत्काल उपलब्ध नभएमा सो काठ दाउरा लिलाम बिक्री भई घाटगद्दी रकम दाखीला भए पश्चात वा कार्यालयमा तालुक निकायबाट उपलब्ध भए पश्चात उपलब्ध गराईने छ ।

(११) निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/१२/ ०३ गते दिनको ५.०० बजे डिभिजन वन कार्यालय, दाङ (दाङ) बोलपत्रदाता फर्मको प्रतिनिधी वा साक्षीहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता फर्मको प्रतिनिधी वा साक्षीहरुको अनुपस्थीतिमा पनि बोलपत्र खोल्न सकिने छ ।

(१२) सिलबन्दी बोलपत्र सम्बन्धि कागजातहरु खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै भोली पल्ट कार्यालय खुलेको दिनमा उल्लेखित कार्य हुनेछन् ।

(१३) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ७ (सात) दिन भित्र ठेक्का करार गर्न आउनु पर्ने छ । नियमानुसार कार्यसम्पादन धरौटी लिई ठेक्का करार / सम्झौता गरिनेछ।

(१४) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्छ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईने छ

(१५) बोलपत्र स्विकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

(१६) माथी उल्लेख गरेको शर्तहरु बाहेक बोलपत्रमा कुनै पनि भाषा वा अक्षर वा शर्त उल्लेख गर्न पाईने छैन ।

(१७) यस सूचनामा उल्लेखित कुनै शर्तहरु/कुराहरु प्रचलित कानुनसँग वाझिएको हकमा प्रचलित कानुन वमोजिम हुनेछ । सूचनाको अवधि भित्र सूचनामा उल्लेखित विषयसँग सम्वन्ध राख्ने उक्त कुरा कानुनद्धारा संशोधन भएमा त्यस कुराको हकमा संशोधित कानुन वमोजिम स्वतः हुनेछ ।

(१८) यसमा नखुलेको अन्य विषयहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।